वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर,सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०८०/०८१(कृषि विकास शाखा)

चलानी नं.

मिति:२०८०/११/०८

## माटो जाँचका लागी प्रकाशित सूचना ।

प्रस्तुत विषयमा यस वीरेन्द्रनगर नगरपालिका कृषि विकास शाखाको आ.व २०८०.०८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार वडाहरुमा माटो शिविर संचालन कार्यक्रम रहेकाले माटो जाँचको लागि वीरेन्द्रनगर नगरपालिका वडा न .१५ र १६ का कृषकहरुले सम्बन्धित वडा कार्यालय र वडा न.९ र ३ का कृषकहरुले साना किसान कृषि सहकारी संस्था लाटीकोइली - ९,,सुर्खेतमा तपशिल बमोजिमको तरिका अध्ययन गरि यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र दिन) भित्र अर्थात मिति २०८०/११/२२ गते सम्म सूचनामा उल्लेख भए बमोजिम सम्पूर्ण विवरण भरि माटोको नमुना जम्मा गरिदिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

माटोको नमुना जम्मा गर्ने स्थान :

१. वडा नं. १५ र १६ का कृषकहरुले सम्बन्धित वडा कार्यालयमा माटोको नमुना संकलन गर्ने ।
२. वडा नं. ३ र ९ का कृषकहरुले साना किसान कृषि सहकारी संस्था लाटीकोइली- ९ सुर्खेतमा माटोको नमुना संकलन गर्ने ।

थप जानकारीका लागी:०८३-५२०१४४/ ९८४८२९०९५०

........................

Scanned with CamScanner

# माटोको नमुना संकलन गर्ने तरिका

## अन्न र तरकारी बालीको लागि

एकै प्रकारको माटो (जस्तै रङ, बनावट, भिरालो पन आदि) भएको जमिनबाट १ वटा नमुना तयार गर्ने ।





एउटा माटोको नमुना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमुना लिनु पर्दछ ।

प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो V आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमुना लिने ।






सबै खाल्डो बाट संकलित माटोको नमुनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, घाँसपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।





बाँकी रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पुनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमुना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण सहित प्रयोगशालामा पठाउने ।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमुना तयार पार्ने ।





प्लटिङ गरिएको जमिनबाट १ रोपनीबाट कम्तीमा एक वटा ३ फिट गहिराईको खाल्डा खन्ने । माटोको नमुना लिने खाल्डाको एक तर्फको भित्ता माथिबाट तल तर्फ १, २ र ३ फिट गहिराईमा चिन्ह लगाउने ।

चिन्ह लगाएको भित्ताबाट छुट्टा छुट्टै भाँडामा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमुना संकलन गर्ने ।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलीमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

### माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछ

नामथर:

ठेगाना:

खेतबारीको किसिम:

लगाउने बाली:

मिति:

जमिनको गहिराई:

Scanned with CamScanner